**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २९ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी ओडिसाको तीन दिवशीय भ्रमणमा आज साँझ भुवनेश्वर पुग्नुभएको छ ।
२. नया दिल्लीको भारत मण्डपममा तीन दिवशीय अष्टलक्ष्मी महोत्सव २०२४ ६ दिसम्बरको दिन सम्पन्न हुने भएको छ
३. दार्जीलिंगको एतिहासिक भिक्टोरिया फल्स पुलको बिग्रँदो अवस्थालाई लिएर हाम्रो पार्टीले जीटिएका मुख्य कार्यपाल अनित थापा र दार्जीलिंगका जिल्लापाल समक्ष तत्काल हस्तक्षेप गर्ने माग गरेको छ ।
४. बिजनबारी खण्ड अन्तर्गत रेलिङको रेशम लघु उद्योग प्रदर्शन केन्द्रमा आज जन जागरूकता कार्यक्रम सम्पन्न भएको छ ।
५. कालेबुङ जिल्ला अन्तर्गत अलगढ़ामा आज देखि तीन दिवसीय बंगाल हाम्रो गर्व मेलाको शुभारम्भ भएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी -ओडिसा**

प्रधानमन्त्री नरेन्द्र मोदी ओडिसाको तीन दिवशीय भ्रमणमा आज साँझ भुवनेश्वर पुग्नुभएको छ । उहाँले बिजु पटनायक अन्तर्राष्ट्रिय विमानस्थल नजिकै एक जनसभालाई सम्बोधन गर्नुभयो । उहाँले भन्नु भयो , 'आज केन्द्रको भाजपा सरकारले उडिसा र राज्यको गौरवलाई धेरै प्राथमिकता दिइरहेको छ । श्री मोदीले अझ भन्नुभयो , राज्यमा भाजपाको सरकार गठन हुने बित्तिकै सुभद्रा योजना जस्ता आमा र बहिनीहरूको लागि धेरै ठूला कदमहरू चालिएका छन्। प्रधानमन्त्री श्री मोदीले 'यो योजना महिला सशक्तिकरणको पहिचान बन्ने बताउनु भएको छ ।

****** ० ******

**भारत मंडपम तीन दिवसीय अष्टलक्ष्मी महोत्सव 2024**

नया दिल्लीको भारत मण्डपममा तीन दिवशीय अष्टलक्ष्मी महोत्सव २०२४ ६ दिसम्बरको दिन सम्पन्न हुने भएको छ । महोत्सवको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुहुनेछ । महोत्सवमा पूर्वोत्तरका आठै राज्य अरुणाचल प्रदेश, आसाम, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, त्रिपुरा र सिक्किमको सांस्कृतिक, प्राकृतिक र कलात्मक सम्पदाको प्रदर्शन गरिनेछ । नयाँ दिल्लीमा आज आयोजित पत्रकार सम्मेलनमा पूर्वोत्तर क्षेत्रका विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले यो कार्यक्रमले उत्तरपूर्वी भारत र देशका बाँकी भाग बीचको सांस्कृतिक र आर्थिक अन्तरलाई कम गर्ने बताउनु भएको छ ।

****** ० ******

**भारत – शान्ती स्थापना आयोग**

भारतलाई संयुक्त राष्ट्र शान्ति स्थापना आयोगको सदस्यको रूपमा पुन चयन गरिएको छ । आयोगमा भारतको वर्तमान कार्य़काल 31 दिसम्बरमा समाप्त भइरहेको छ । संयुक्त राष्ट्रमा भारतको स्थायी मिशनले भारतलाई बर्ष २०२५-२६ को निम्ति संयुक्त राष्ट्र शान्ति स्थापना आय़ोग (पी.बी.सी.) को निम्ति पुनः चयन गरिएको बताएको छ । संस्थापक सदस्य र प्रमुख योगदानकर्ताको रूपमा भारत वैश्विक शान्ति र स्थिरताको दिशामा काम गर्न पीबीसीको साथ आफ्नो सम्बन्ध जारी राख्न प्रतिबद्ध रहेको छ।संयुक्त राष्ट्र शान्ति स्थापना आयोगमा कुल 31 सदस्य देशहरु छन्। भारत संयुक्त राष्ट्र शान्ति सेनामा वर्दीधारी कर्मीहरूको रूपमा सबैभन्दा ठूलो योगदानकर्ताहरूमध्ये एक हो।

****** ० ******

**उपराष्ट्रपति जगदीप धनखड़**

उपराष्ट्रपति जगदीप धनखड़ आउदो १ दिसम्बरमा उत्तर प्रदेशको कानपुरको एक दिवसीय भ्रमणमा जानुहुनेछ । उपराष्ट्रपति सचिवालयले बताए अनुसार,भ्रमण अवधि उपराष्ट्रपति सेठ आनन्दराम जयपुरिया स्कूल, कानपुरको स्वर्ण जयन्ती समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित हुनेछन् । उहाँले आई.आई.टी. कानपुरको पनि भ्रमण गर्नुहुनेछ साथै त्यहाँका विद्यार्थीहरू र शिक्षकहरूलाई सम्बोधित गर्नुहुनेछ ।

****** ० ******

**भिक्टोरिया फल्स पुल -अपिल**

हाम्रो पार्टीका अध्यक्ष एव गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका सभासद अजय एडवर्ड्सले आज गोरखाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापाल अनित थापा र दार्जिलिङका जिल्ला अधिकारी डा. प्रीति गोयललाई पत्राचार गर्दै दार्जीलिंग शहर नजिक रहेको एतिहासिक भिक्टोरिया फल्स पुलको बिग्रँदो अवस्थालाई लिएर तत्काल हस्तक्षेप गर्न माग गर्नुभएको छ l श्री एडवर्ड्सले पत्रमा पुलको महत्त्वपूर्ण भूमिकामाथि जोड दिदै भन्नुभएको छ -, भिक्टोरिया पुलले वरपरका चिया बगान, दार्जिलिङ नगरपालिकाका केही वाडहरूलाई जोड्ने गर्दछ l योपुल भएर स्थानिय विद्यालयका विद्यार्थीहरूले दैनिक आउजाउ गर्ने गर्दछ उहाले -पुलको संरचना धराशायी बन्दै गएको कारण कुनै पनि समयमा भत्किन सक्ने खतरा देखिएको बताउनु भएको छ l

****** ० ******

**बिजनबारी रेलिंग -रेशन केन्द्र**

आज बिजनबारी खण्ड अन्तर्गत रेलिङको रेशम लघु उद्योग प्रदर्शन केन्द्रमा जन जागरूकता कार्यक्रम सम्पन्न भयो l यस कार्यक्रममा क्षेत्रका ६ वटा ग्राम पञ्चायतका मुगा अनि रेशम पालकहरु ले भाग लिएका थिए l रेलिङ रेशम लघु उद्योग प्रदर्शन केन्द्रका अधिकारी डा० कमल पोखरेल द्वारा संचालित कार्यक्रममा बर्ष २०२४ को सर्वउत्कृष्ट पाँचजना मूगा अनि रेशम कीरा पालक कृषकहरू शमूएल सुब्बा जगत छेत्री,सी०बी० सुब्बा धनबहादुर सुब्बा अनि चन्द्र कुमार राई लाई सम्मानित गरियो ।रेशम विभाग दार्जिलिङ जिल्ला उपनिर्देशक राजभूषण कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिका रूपमा आठवटा जिल्लाका रेशम विभागका प्रमुख संयुक्त निर्देशक डा० अरुप कृष्ण ठाकुर उपस्थित हुनुहुन्थ्यो l

****** ० ******

**दार्जीलिंग नगरपालिका- नाला प्रबन्धन**

दार्जीलिंग नगरपालिका क्षेत्र अन्तर्गत वार्ड नम्बर १४, टि एन रोडमा बन्द भएको नाला खोल्ने कार्य भएको छ। यस सम्बन्धमा वार्ड पार्षद मणि लामाले नालाको प्रवाहमा बाधा भएको कारण समस्या उत्पन्न भएको जानकारी दिनुभएको छ l नाला बन्द भएको कारणले स्थानीय नागरिकहरुमा समस्या भए पछि पार्षदले समस्याको समधान भएको बताउनु भएको छ l

****** ० ******

**एनबी खवास -राजिनामा**

अखिल भारतीय तृणमूल कङ्ग्रेस, दार्जिलिङ जिल्लाका महासचिव तथा प्रवक्ता एवं तृणमूल चा बगान श्रमिक युनियन केन्द्रीय समितिका उपाध्यक्ष एनबी खवासले पार्टीको प्राथमिक सदस्य सहित सम्पूर्ण जिम्मेवारीहरूबाट तत्काल प्रभावका साथ राजीनामा दिनुभएको छ ।राजिनामा को प्रतिलिपि पार्टीका राष्ट्रिय महासचिव अभिषेक बेनर्जी समक्ष पठाएको जानकारी दिनुभएको छ l

****** ० ******

**रंगली रंगलीयट – कार्यक्रम**

वेस्ट बङ्गाल भोल्यन्टेरी हेल्थ एसोसिएशन ,रंगली रंगलीयट पञ्चायत समिति अनि खण्ड बिकासको संयुक्त आयोजनामा आज स्थानीय ट्राइजम हलमा ओरिन्टेशन अफ प्रिस्ट कार्यक्रमको आयोजना गरियो l बेसिक हेल्थ केयर सपोर्ट प्रोग्राम अन्तर्गत आयोजित कार्यक्रमलाई बेल्जियमको मेमिसिया संस्थाको सहयोग रहेको थियो। कार्यक्रममा सातवटा ग्राम पञ्चायतका हिन्दु, बौद्ध, ईशाई अनि मुस्लिम धर्मगुरूहरूको उपस्थिति रहेको थियो। यस अवसरमा पञ्चायत समितिका सभापति देवकुमार छेत्री, सहकारी सभापति ललित राई, बीडीओ मनाजकुमार पहाडियाको बिशेष उपस्थिति रहेको थियो।

****** ० ******

**पश्चिम बङ्गाल -भाजपा वक आउट**

पश्चिम बंगालमा हालै सम्पन्न भएको दुर्गा पूजा, लक्ष्मी पूजा तथा कार्तिक पूजा अवधि धार्मिक स्थलहरूमा भएको आक्रमणलाई लिएर विपक्षी दल भारतीय जनता पार्टीले आज विधानसभाा वकआउट गऱ्यो। भाजपा विधायकहरूले यस मुद्दामा कार्य स्थगन प्रस्ताव पेश गर्ने अनुमति नपाएपछि आफ्नो असन्तुष्टि व्यक्त गरे ।भाजपा विधायक तथा विपक्षका नेता शुभेन्दु अधिकारीको नेतृत्वमा यो प्रस्ताव पेश गर्ने प्रयास गरियो, तर स्पीकर बिमान ब्यनर्जीले यसलाई खारेज गरिदिए। स्पीकरले भने, यो मुद्दा पहिला नै एक दिन अघिको बहसमा उठाइसकिएको छ। यसको लागि भिन्नै कार्य स्थगन प्रस्तावको आवश्यकता छैन। स्पीकरको उक्त निर्णयबाट रूष्ट लगभग चालीस जना भाजपा विधायकहरूले विधानसभामा बंगला भाषामा लेखिएका नाराहरू सहित

प्रदर्शन गरे। विधायकहरूले मुख्यमन्त्री ममता ब्यनर्जीसित राजीनामाको माग पनि गरे।

****** ० ******

**सिलगडी -वाम मोर्चा विरोध रैली**

वाम मोर्चा दार्जीलिङ जिल्ला समितिको आह्वानमा आज तृणमूल कंग्रेसद्वारा सञ्चालित सिलिगुडी नगर निगमको विरोधमा तथा १० सूत्रीय मागहरूमा विरोध रैलीको आयोजना गर्यो I प्राप्त जानकारी अनुसार, वाम मोर्चाका नेता र कार्यकर्ताहरूले हिलकार्ट रोडमा अनिल विश्वास भवन अघिबाट रैलीको आयोजना गर्यो जसले विभिन्न सडकहरू परिक्रमा गर्दै सिलिगुडी नगर निगममा पुगेर बिरोध प्रदर्शन गरे ।बामपन्थीहरुको विरोध प्रदर्शनलाई मध्यनजर गर्दै नगरनिगम परिसरमा अधिक संख्यामा पुलिसकर्मीहरु तैनाथ गरिएका थिए । प्रदर्शनमा दार्जिलिङ जिल्ला सीपीआई (एम) का सचिव जीवेश सरकार, पूर्व शहरी विकास मन्त्री तथा पूर्व मेयर अशोक भट्टाचार्य, पार्षद नुरुल इस्लाम लगायत माकपाका पार्षद नेताहरू उपस्थित थिए।

****** ० ******

**सिक्किम- हर्नबिल फेस्टिभल**

सिक्किमलाई हर्नबिल महोत्सव -२०२४ को लागि भागीदार राज्यको रूपमा घोषणा गरिएको छ। मुख्यमन्त्री श्री प्रेम सिंह तामाङले आज बिहान गान्तोकबाट नागाल्याण्डको लागी सिक्किमका प्रतिनिधिमण्डललाई औपचारिक रूपमा झण्डा देखाएर प्रस्थान गर्नुभयो । हर्नबिल महोत्सव एक वार्षिक कार्यक्रम हो। यसको उद्देश्य नागा जनजातिहरूको सांस्कृतिक विरासत र परम्परालाई पुनर्जीवित गर्नु हो।

****** ० ******

**कालेबुंग -गर्व मेला**

कालेबुङ जिल्ला अन्तर्गत अलगढ़ामा आज देखि तीन दिवसीय बंगाल हाम्रो गर्व मेलाको आरम्भ गरिएको छ। अलगढ़ा खेल मैदानमा जिल्ला सूचना अनि सांस्कृतिक विभाग र लाभा खण्ड विकास कार्यलयको आयोजनामा शुरु भएको यस कार्यक्रममा मुख्य अतिथिको रूपमा कालेबुङका जिल्लापाल बालासुब्रमिण्यम टी उपस्थित हुनुहुन्थ्यो I मेलामा बिभिन्न स्टलहरु राखिएका छन् I

****** ० ******

**सिलगडी - भिषण आगलागी**

सिलीगुड़ीको कावाखाली स्थित एउटा टाउनशिपमा भिषण आगलागी भएको छ। आगलागीको खबर फैलिन साथै टाउनशिपमा भाग दौड मच्चिएको थियो । प्राप्त जानकारी अनुसार, आगलागीको घटनाको खबर पाउन साथ सिलिगुडी अग्नि शमन केन्द्रबाट २ वटा इन्जन घटना स्थलमा पुगी आगोलाई नियन्त्रणमा ल्याइएको थियो |एन.जे.पी. थाना पुलिस घटना स्थलमा पुगेर घटनाको जाच शुरु गरेको छ ।

****** ० ******

**कालेबुंग -विन्टर फुटबल**

प्रत्येक बर्ष झै यो बर्ष पनि नाडुङ भूटिया फुटबल एकेडमी कालेबुंगले आगामी १२ डिसेम्बरदेखि ३१ डिसेम्बरसम्म हल्पु ग्राउण्डमा वुइन्टर फुटबल कोचिङ क्याम्पको आयोजना गर्ने भएको छ। नादुङ्ग भुटियाले कालेबुङका बाल बालिकाहरुमा फुटबलप्रतिको समर्पण अथाह रहेको जानकारी दिदै यस क्याम्पको माध्यमवाट युवा फुटबलरहरु माथिल्लो तहसम्म खेल्न सक्ने बताउनु भएको छ I

****** ० ******